नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.............................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

माननीय कानून मन्त्री श्री दिलेन्द्रप्रसाद बडू र नेपालका लागि ईयू प्रतिनिधिमण्डलका राजदूत महामहिम Mrs. Nona Deprez बीच २०७८ कात्तिक १५ गते सोमबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

शिष्टाचार भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र यूरोपेली सङ्घबीच प्रगाढ सम्बन्ध रहेको कुरा उल्लेख गर्दै मानव अधिकार, सबल लोकतन्त्र, कानूनको शासन र सुशासनको क्षेत्रमा यूरोपेली सङ्घको सहयोग, सहकार्य र समन्वय रहदै आएको विचार व्यक्त गर्नुभयो । अहिलेको मुख्य प्राथमिकता संविधानको कार्यान्वयन सम्बन्धी बाँकी रहेका कानून निर्माण र संक्रमणकालीन न्याय सम्बन्धी कार्यलाई छिटो निर्णायक तहमा पुऱ्याउनु रहेको र यसका लागि मन्त्रालयले तदारुकताका साथ कार्यसम्पादन गर्दै आएको धारणा व्यक्त गर्नुभयो । साथै आर्थिक, सामाजिक तथा न्यायिक क्षेत्रमा र कोभिड-१९ संकट व्यवस्थापनका सम्बन्धमा ईयूको सहयोग र सहकार्यका लागि धन्यवाद दिँदै सोको निरन्तरताको अपेक्षा व्यक्त गर्नुभयो ।

भेटको क्रममा महामहिम राजदूत श्री Mrs. Nona Deprez ले बहुपक्षीय सहयोग, सहकार्य र समन्वयका लागि ईयू सदैव तत्पर रहेको र नेपालको शान्ति, न्याय, विकास, समृद्धि र सुशासनका क्षेत्रमा एक असल साझेदारको रुपमा सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

२०७८ कात्तिक १६ गते, मंगलबार

(फणीन्द्र गौतम)
सहसचिव एवं प्रवक्ता